# कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

☏०७६-५६१०१०
फ्याक्स ०७६-५६०१३१
Email:info.dckapilvastu@supremecourt.gov.np

प.सं.:-०७७।०७८
च.नं.: २०५७

मिति २०७७।०८।१५

## विषयः मेलमिलापकर्ताको रुपमा सूचिकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धी सूचना।

मेलमिलाप सम्बन्धी नियमावली २०७० को नियम ५ र ९ तथा जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका २०७५ को नियम ६ र १० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन निवेदन माग गर्नुको साथै मेलमिलाप केन्द्रमा सूचिकृत रहेका मेलमिलापकर्ताको सूचि अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत भएका मेलमिलापकर्ताहरु र नयाँ तालिम प्राप्त सूचिकृत हुन चाहने मेलमिलापकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस आर्थिक वर्ष २०७७।०७८ का लागि मेलमिलापकर्ताको सूची अद्यावधिक गर्न र विवरण सहित निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदन फाराम यस अदालतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ वा यस अदालतको वेभसाइट http://supremecourt.gov.np/court/kapilvastudc बाट डाउनलोड गर्न सकिनेछ।

**निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:-**

१. मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।

३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

४. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपी।

५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको नियमावली, मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपी।

६. व्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो -२ प्रति।